स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



यही भदौ २९ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'एक भगवत् गीता'को काठमाडौंमा एक कार्यक्रमबीच ट्रेलर सार्वजनिक गरियो । तर, फिल्मका मुख्य अभिनेता धीरज मगर भने उपस्थित भएनन् । आँखा पाकेका कारणले उनी उपस्थित हुन नसकेको जानकारी गराइएको थियो । तर, निकट स्रोतका अनुसार केही समयदेखि धीरजसँग फिल्मको टिमको सम्पर्क नै हुन सकेको छैन । निर्देशक झरना थापासँग धीरज असन्तुष्ट रहेको बताइन्छ ।

आजको विचार...



नेपालका... (दुई पेजमा)

खगेन्द्रराज सिटौला

'दर्पण छायाँ' फेम्ड अभिनेत्री निरुता सिंह वैवाहिक जीवनमा बाँधिएकी छन् । लामो समयदेखि परिवारसँग मुम्बईमा बस्दै आएकी उनले भदौ १४ गते बिहीबार मुम्बई निवासी सञ्जीभ गुलाटीसँग विवाह गरेकी हुन् । निरुताले सामाजिक सञ्जालमा साझेदार गरेको विवाहको एउटा तस्वीरमा उनी श्रीमानसँग खुसी मुद्रामा देखिएकी छन् । दुवैको गलामा लामो माला र पृष्ठभूमिमा मन्दिर देखिन्छ । उनलाई प्रशंसक तथा फिल्मकर्मीहरुले वैवाहिक जीवनको शुभकामना दिइरहेका छन् । उनी श्रीमानसँग चाँडै नेपाल आउने बताइएको छ ।



❐ वर्ष २९ ❐ अंक ४९ ❐ २०८० भदौ १८ गते सोमबार 4 September 2023, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### चट्याङबाट एकको मृत्यु

**गुल्मी,** भदौ १७/गुल्मीमा चट्याङ लागेर एक जनाको मृत्यु भएको छ । जिल्लाको मालिका गाउँपालिका-२ दर्लिङ ६० वर्षीय हिराबहादुर घर्ती रोकाको चट्याङ लागेर मृत्यु भएको हो । आफ्नै घरमा बसिरहेको अवस्थामा चट्याङ लागेर गम्भीर घाइते भएका उनको प्राथमिक स्वास्थ्य केन्द्रमा सामन्य उपचारपछि जिल्ला अस्पताल तम्घासमा थप उपचारको क्रममा मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

### दुर्घटनामा छ जनाको मृत्यु

(रासस/एएनआइ)


**पिलिभित (उत्तर प्रदेश),** भदौ १७/ उत्तर प्रदेशको पिलिभित जिल्लाको राष्ट्रिय राजमार्गमा रोकिराखेको पिकअप भ्यानमा द्रुतगतिमा रहेको कार ठोक्किँदा तीन जना महिलासहित चार जनाको मृत्यु भएको छ । दुर्घटनामा घाइतेभएका दुईजनाको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ । उनीहरुको स्थानीय अस्पतालमा उपचार भइरहेको छ । मुख्यमन्त्री योगी आदित्यनाथले उक्त घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै शोकाकूल परिवारजनमा समवेदना व्यक्त गरेका छन् । यसैबीच, महाराष्ट्रको थानेमा भएको अर्को सडक दुर्घटनामा दुईजनाले ज्यान गुमाएका तथा अन्य दुईजना घाइते भएका थानेस्थित राजमार्ग गस्ती प्रहरीले जनाएको छ ।

# बौद्ध शिक्षाले जीवन सार्थक बनाउँछ : महास्थविर

कृष्ण पोखरेल

**पाल्पा,** भदौ १७/बुद्ध विहार भृकुटीमण्डप काठमाडौंका प्रमुख धर्म कथिक भिक्षु कोण्डन्य महास्थविरले बौद्ध शिक्षा ग्रहण गर्न सकियो भने जीवन सार्थक हुने बताएका छन् । धर्मचक्र बौद्ध युवा संघ तानसेन पाल्पाको रजत जयन्तीलाई तानसेनमा सम्बोधन गर्दै बौद्ध शिक्षाले मानव जीवनलाई शान्ति र आत्मज्ञानी बनाउँदै सार्थकता प्रदान गर्ने बताएका हुन् ।

महास्थविरले भगवान बुद्धले कुनै वर्ग, पक्ष, जात धर्म, लिङ्ग, देश नभनि सम्पूर्ण मानव तथा प्राणी जगतको हितका लागि शिक्षा प्रदान गरेको भन्दै त्यस्तो शिक्षाले मानिस जीवनलाई सफल र सार्थकता बनाउने बताए । उनले भने 'बौद्ध शिक्षा ग्रहण गरेमा कोही कसैसँग झगडा नहुने, लोभ लालच हट्ने, सदाचारी व्यवहार गर्ने, मानसिक रोगबाट मुक्त भइने छ ।' हामीलाई चोटपटक लाग्दा दुखेको हुन्छ, कसैले शरीरमा बाधा पुर्‍याउँदा हामीलाई पीडा हुन्छ, त्यस्तै प्राणीहरुमा पनि हुन्छ होला भनि आफुलाई सम्झी व्यवहार गर्नुपर्नेमा महास्थविरले जोड दिए । 'मानिसको मृत्यु निश्चित छ त्यसैले जति कमाएको धन दौलत, आफन्त इष्टमित्र कोही पनि मृत्यु सँगसँगै जादैनन् सँगै जाने भनेको सतकर्म, मानव




तथा प्राणी हितका कर्महरु मात्र हुन् । बुद्ध शिक्षाले मानवको शान्ति सुखी आत्मज्ञानी बनाउँछ' उनले भने । परम्परा माथि अन्धविश्वासको साथ मानेर काम गर्नुभन्दा आत्म समिक्षा गरेर गलत परम्पराहरुलाई सुधार गर्दै जानुपर्ने बुद्ध शिक्षामा उल्लेख रहेको महास्थविरले बताए । बुद्धले त मार्ग दर्शन मात्र दिनुभएको हो, आत्मविश्वासका साथ कर्म गर्ने स्वय आफैले हो मानवले जस्तो कर्म गर्‍यो जीवन त्यस्तै व्यतित हुने कुरा बुद्ध शिक्षामा रहेको उनले उल्लेख गरे । मानव इन्द्रियहरु लोभी पापी, भ्रष्टचारी छन् ती इन्द्रियहरुलाई नियन्त्रणमा राख्ने, अनुशासित बनाउने काम बुद्ध शिक्षा प्रवचन र ध्यानले दिने महास्थविरले बताए ।

रजत जयन्तीको अवसरमा बौद्ध युवा संघले एक हप्ता सम्म विभिन्न कार्यक्रमहरु सञ्चालन गरेको छ । भदौ ८ प्रविनबहादुर बज्राचार्यको अगुवाइमा धर्मचक्र विहारमा सरसफाई, भदौ ९ गते राजेशकुमार बज्राचार्यको अगुवाईमा आनापाना सति ध्यान अभ्यास, धिरजबहादुर बज्राचार्यको अगुवाइमा शान्ति पदयात्रा, विरेन्द्रराज शाक्यको अगुवाईमा रिब्दीकोट २ देउराली माल्मुमका असाहय, अशक्त, विपन्न दृष्टिविहिनहरुको लागि खाद्यान्न वितरण, विनोद शेखर बज्राचार्यको अगुवाइमा तानसेनका विहारमा ज्ञानमाला भजन प्रस्तुति, भदौ १४ गते अञ्जुला बज्राचार्यको अगुवाइमा मिसन अस्पतालका विरामीहरुलाई फलफूल तथा पौष्टिक पदार्थ वितरण, विनयराज बज्राचार्यको अगुवाइमा जिल्ला कारागारका बन्दीहरुलाई पौष्टिक पदार्थ, स्वास्थ्य सामग्री तथा औषधी र धार्मिक पुस्तकहरु वितरण, प्रशन्नबहादुर बज्राचार्यका अगुवाइमा अभियान नेपाल धुर्वघाटमा रहेका असहाय, अनाथ बालबालिकाको लागि भोजन दान गरेको छ । भदौ १५ गते दिप्ती बज्राचार्यको अगुवाइमा निल सागर सेवा आश्रम मिसनमा भोजन दान, अञ्जु शाक्यको अगुवाइमा पप नमुना मावि तानसेनका विद्यार्थीहरुलाई शैक्षिक सामाग्री वितरण, बसन्तलाल बज्राचार्यको अगुवाइमा नगरमा शान्ति दिपयात्रा तथा प्रचार-प्रसार, भदौ १६ गते जितेन्द्रबहादुर बज्राचार्यको अगुवाइमा श्रीनगर पारिलेयक वनमा सरसफाई भएको छ ।

रजत महोत्सवको अवसरमा धर्मचक्र बौद्ध युवा संघ तानसेन पाल्पाले विभिन्न ६ वटा विधामा संस्थापक कार्यसमिति, समाजसेवी, सहयोगीदाताहरु, बुद्ध धर्म प्रचारकहरुलाई सम्मान गरेको छ । संघका अध्यक्ष दिनेशबहादुर बज्राचार्यको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन महासचिव नारायणबहादुर बज्राचार्य र सम्मान संयोजक अनुराधा बज्राचार्यले गरेका थिए ।

## दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं

फोहोर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छ ।

त्यसैले :

- खोला, धारा वा मुलको पानी सिधै नपिऔं ।
- पानी उमालेर मात्र पिऔं ।
- उमाल्न सम्भव नभएमा शुद्धीकरण गरेर मात्र पिऔं ।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# मोहन कन्याको यात्रा ७४ वर्षमा

## विभिन्न कार्यक्रम गरी मनायो ७३ औं वर्ष

**पाल्पा,** भदौ १७/पश्चिम क्षेत्रकै एक मात्र प्राविधिक कन्या स्कूल मोहन कन्या माध्यमिक विद्यालय ७४ वर्षको यात्रामा प्रवेश गरेको छ । कन्याहरुलाई व्यवहारिक, जीवनोपयोगी, वैज्ञानिक र नैतिक मूल्य बोध गराउने शिक्षाको मान्यता राखी स्थापना भएको स्कूलले ७४ वर्षको बुढ्यौली यात्रा तय गरेको हो ।

नेपाली समाजमा छोरीहरुलाई शिक्षा प्राप्त गर्न कठिन र चुनौती रहेका बेला २००७ सालमा विद्यालयले कन्याहरुका लागि छुट्टै छात्रावासको व्यवस्था गरी अध्ययन, अध्यापन गराउँदै आएको छ । यो यात्रामा विद्यालयले आफुलाई नेपालकै प्रतिष्ठित र उत्कृष्ट शैक्षिक संस्थाको रुपमा पहिचान बनाउन सफल भएको छ । त्यसबेला धेरैले विश्वास नगरेको विषय थियो पाल्पामा कन्याहरुका लागि स्थापित स्कुल ७४ वर्षसम्म खडा हुनेछ तर धेरैको आकलनलाई गलत सावित गर्दै मोहन कन्याले आफ्नो ७३ वर्ष यात्रा पार गर्न सफल भएको छ । पश्चिम क्षेत्रमै तत्कालिन समयमा पढ्न चाहने छोरीहरुका लागि छुट्टै विद्यालयहरु थिएनन् । निजी र सामुदायिक शैक्षिक संस्थाका रुपमा सीमित स्कुलहरु त खुलेका थिए, तर




तिनले छोरीहरुलाई शिक्षाको पहुँचमा ल्याउन सकेका थिएनन् । त्यही परिवेशमा २००७ सालमा स्थापना भएको मोहन कन्यालाई कन्याहरुका लागि शैक्षिक विकासको आधारशिला मान्न सकिन्छ । स्कूलतहदेखि कक्षा ११/१२ मा शिक्षा, व्यवस्थापन र कम्प्युटर इन्जिनियरिङ्ग संकायको शैक्षिक कार्यक्रम विकासमा यस स्कुलको ठूलो योगदान रह्यो । सात दशक लामो यात्रामा मोहन कन्याले विद्यार्थीहरुलाई छात्रावासको व्यवस्थासँगै प्राविधिक शिक्षा पढ्न चाहनेका लागि वातावरण समेत सिर्जना गरिदिएको छ । सरकारीस्तरबाट होस् वा राजनीतिक स्तरबाट नै किन नहोस् उपेक्षामा परेका कयौं शैक्षिक संस्थाहरु धरासयी हुँदै गएको अवस्थामा मोहन कन्याले ७३ औं वार्षिक उत्सव मनाउनुलाई कम आकलन गर्न सकिदैन । वार्षिक उत्सव समारोहको अवसरमा आयोजित कार्यक्रममा समेत स्कूलको ७४ वर्षे यात्राको मुक्तकण्ठले प्रशंसा गरिएको छ ।

लुम्बिनी प्रदेशका सभामुख तुलाराम घर्ती (बसन्त) ले सामुदायिक तवरबाट सञ्चालन भएको स्कूलले जिल्लाको शैक्षिक क्षेत्रमा पुर्‍याएको योगदान महत्वपूर्ण रहेको बताए । उनले ७४ वर्षे लामो यात्रा तय गर्नु स्कूलका लागि चुनौतिको विषय भए पनि आफुलाई सफल शैक्षिक संस्थाको रुपमा स्थापित गराउन सक्नु नै महत्वपूर्ण रहेको उल्लेख गरे । सभामुख घर्तीले अब प्रदेशकै प्राविधिक कन्या विद्यालयको रुपमा विकास गर्ने कुरामा आफुले आवश्यक पहल गर्ने बताए । उनले स्कुलले सञ्चालन गरेको छात्रावासको व्यवस्थापनमा प्रदेश सरकारले आवश्यक सहयोग गर्ने प्रतिबद्धता समेत व्यक्त गरे । कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विधानप्रसाद श्रेष्ठले भावी योजना प्रस्तुत गर्दै पद्धै कमाउँदै कार्यक्रम लागु गर्ने, छात्राबासको विस्तार, कक्षा १ देखि १२ सम्म कम्प्युटर शिक्षासहित नारीहरुका लागि गुणस्तरीय शिक्षा प्रदान गर्ने योजना अगाडि सारेको बताए ।

(...बाँकी अन्तिम पेजमा)

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## कृषि उत्पादनमा गम्भीर बन

मुलुकलाई कृषिप्रधान देश भन्छौं तर, हरेक वर्ष आयातको ग्राफ बढ्दै गएको छ । वर्षमा अर्बौंसम्मको खाद्यान्न आयात गर्नु मुलुकको लागि कदापि राम्रो हुन सक्दैन । यसका अलवा दलहन, तेल, तरकारी, माछा, मासुको आयात निरन्तर बढिरहेको देखिन्छ । एक वर्षमा अर्बौंको कृषि उपज आयात हुनु हितकर छैन । आयात प्रतिस्थानका लागि नीति ल्याउनुपर्छ तर सरकारको त्यसतर्फ ध्यानै छैन । यस वर्ष झन सतप्रतिशत रोपाइँ हुन सकेन । अब रोपाइँको समय सकिइसकेको छ । पानी नभएकाले तथा अन्य कारणले गर्दा यस वर्ष सात प्रतिशतले धान रोपाइँ घटेको तथ्यांक छ । यो घटेको प्रतिशत निकै नै ठूलो मात्रा हो । यसले गर्दा आगामी वर्ष हामीले बाहिरबाट आयात गर्ने खाद्यान्नमा वृद्धि गर्नुपर्ने हुन्छ । हामी त्यसै पनि आयात नै गर्दै आएकै छौं । यस्तो अवस्थामा धान रोपाँइ घट्दै गएकाले थप चिन्तित बनाएको छ ।

खाद्यान्नमा आत्मनिर्भर बन्न नसक्ने मुलुकले जुनसुकै बेला भोकमरीको सामना गर्नुपर्ने अवस्था सिर्जना हुनसक्छ । कृषिका लागि आवश्यक पर्ने औजारदेखि मल, बिउ, रासायनिक विषादीलगायत कुरा विदेशबाटै झिकाएर प्रयोग गर्नुपर्ने र त्यति गर्दा कृषिउपज अपुग भएर विदेशबाटै आयात गर्नुपर्ने अवस्था विडम्बनै हो । त्यसमाथि प्रकृति पनि प्रतिकूल बनीदिनाले कृषि हाम्रा लागि सहज बन्न सकेको छैन । विभिन्न कारणले गर्दा युवा पुस्ता कृषिबाट पलायन बन्दै गइरहेको छ । वैदेशिक रोजगार र शहरमुखी प्रवृत्तिले गर्दा गाउँघर उजाडिँदै गएका छन् र गाउँका खेतबारी बाँझै रहन थालेका छन् । कृषिमा रमाउनुपर्ने युवा कुण्ठा, आक्रोश र पीडाको भारी बोकेर विदेशमा रगत-पसिनासँग पैसा साट्न विवश छ । कुल गार्हस्थ्य उत्पादनको ठूलो हिस्सा ओगटेको विप्रेषण नेपालको आम्दानीको प्रमुख स्रोत बनेको छ । यो हदसम्मको परनिर्भर अर्थतन्त्रमा उभिएर 'समृद्ध नेपाल र सुखी नेपाली'को बखान गर्नु हास्यास्पद छ । कृषि अर्थतन्त्र धराशायी भएसँगै मुलुक आर्थिक संकटमा फस्दै छ । यस्तो अवस्थामा सरकार गम्भीर नबन्ने हो भने देशले ठूलो संकट व्यहोर्नुपर्ने हुन सक्छ । यसर्थ यसतर्फ सरकारले कृषि उत्पादनमा ध्यान दिदैं आयातलाई रोक्ने दिशामा सोच्न जरुरी छ ।

### Opinion @ Social Network


कसैले केही भन्यो भन्दैम आफु दुःखी नबन
किनकी सबैले आफ्नो औकात अनुसारको व्यवहार देखाउने हो ।
(दिलमाया शाहीको फेसबुक स्टाटसबाट www.facebook.com//dilmaya.shahi)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपालका राष्ट्रनिर्माता विश्वका बडानेता



खगेन्द्रराज सिटौला

*हाम्रा दुवैतिरका विशाल छिमेकी मुलुक भारत र चीन लगायत सार्कका प्रायः सबै मुलुक मात्र होइन कि विश्वको एक मात्र महाशक्ति राष्ट्र संयुक्त राज्य अमेरिकाको समेत छातिमा बेलायती याने अंग्रेज उपनिवेशवादीले लेफ्ट-राइट खेलेका बुटका छाप छन् । तर, त्यही अंग्रेज शक्तिको शिरमा पृथ्वीनारायण शाहले नेतृत्व र निर्देशन दिएका बहादुर देशभक्त गोर्खाली (नेपाली) योद्धाले प्रहार गरेको खुकुरीको ऐतिहासिक डोब छ । त्यही वीर नेपालीको खुकुरीले लगाइदिएको ऐतिहासिक डोब नेपालीसँग पराजित र लज्जित निसानीको रुपमा बोकिरहन एकताकाको कहिल्यै घाम नअस्ताउने बृटिश साम्राज्य बाध्य छ । सिन्धुलीका बोट विरुवा ढुंगा माटो सधैं पृथ्वीनारायण कालिन नेपाली सौर्यको साक्षी बनेर बकिरहन्छन् सधैं । यसले पनि पुष्टि हुन्छ बडो शक्तिलाई पराजित गर्ने पृथ्वीनारायण शाह स्वाभाविक रुपमा बडानेता ठहर्छन् ।*

नेतृत्व क्षमता, दूरदर्शी, कालजयी विचार, योगदान, काम र परिणामको हिसाबले मूल्यांकन गर्दा नेपाल राष्ट्रका निर्माता पृथ्वीनारायण शाह नेपालका सबै नेताका पनि नेता प्रमाणित हुन्छन् । त्यस्तै पृथ्वीनारायण शाहले अघि सारेका विचार नेपाली नेताका विचारका माउविचार ठहर्छन् । नेपालका सबै नेता र नेताहरुले अघि सारेका विचार दुवैमा उनी र उनका विचार ज्येष्ठ र श्रेष्ठ ठहर्ने हुनाले उनलाई र उनका विचारलाई ज्येष्ठ नेताका श्रेष्ठ विचार मान्दा अत्युक्ति हुँदैन । त्यसैले विना हिचकिचाहट, संकीर्णता र पूर्वाग्रहबाट मुक्त भएर राज्यले राष्ट्रिय सहमतिको साथ राष्ट्रनिर्माता पृथ्वीनारायण शाहलाई सगौरव बडानेता स्वीकार्दै बडानेताको बडाविचारलाई राष्ट्रिय एकता र समृद्धिको मूल आधार मान्नु पर्दछ । पृथ्वीविचारलाई राष्ट्रिय सहमतिको मूल नीतिविचार बनाउने निर्णयमा सबै नेता र पार्टी पुग्नु पर्दछ । राष्ट्रिय सहमतिको मूल राष्ट्रियविचार पृथ्वीविचारको फराकिलो स्वदेशवादी लोकतान्त्रिक राजमार्गबाट मुलुकलाई अघि बढाउनु पर्दछ । यो बडा नेताको बडा विचारलाई प्रचार गर्न र स्थापित गर्न सबै नेपाली जनताका पङ्क्ति, नेता, लेखक र खास गरी सञ्चार जगत जिम्मेदारी, इमान्दारी र सक्रियतापूर्वक लाग्नु पर्दछ । किनभने यो विशाल नेपालको जगसँगै विशाल संभावना बोकेर उदाएको नेपाली विशेषताको मौलिक नेपाली विचार हो ।

हाम्रा दुवैतिरका विशाल छिमेकी मुलुक भारत र चीन लगायत सार्कका प्रायः सबै मुलुक मात्र होइन कि विश्वको एक मात्र महाशक्ति राष्ट्र संयुक्त राज्य अमेरिकाको समेत छातिमा बेलायती याने अंग्रेज उपनिवेशवादीले लेृट-राइट खेलेका बुटका छाप छन् । तर, त्यही अंग्रेज शक्तिको शिरमा पृथ्वीनारायण शाहले नेतृत्व र निर्देशन दिएका बहादुर देशभक्त गोर्खाली ( नेपाली) योद्धाले प्रहार गरेको खुकुरीको ऐतिहासिक डोब छ । त्यही वीर नेपालीको खुकुरीले लगाइदिएको ऐतिहासिक डोब नेपालीसँग पराजित र लज्जित निसानीको रुपमा बोकिरहन एकताकाको कहिल्यै घाम नअस्ताउने बृटिश साम्राज्य बाध्य छ । सिन्धुलीका बोट विरुवा ढुंगा माटो सधैं पृथ्वीनारायण कालिन नेपाली सौर्यको साक्षी बनेर बकिरहन्छन् सधैं । यसले पनि पुष्टि हुन्छ बडो शक्तिलाई पराजित गर्ने पृथ्वीनारायण शाह स्वाभाविक रुपमा बडानेता ठहर्छन् । पृथ्वीनारायणले कुशलता र सफलतापूर्वक प्रयोग र विकसित गरेको छापामार युद्ध शैली पछि चीनका बडानेता माओलगायत अन्य धेरै मुलकुका नेताले अनेक नामका मुक्ति आन्दोलन वा युद्धमा सफलतापूर्वक अनुसरण र प्रयोग गरेको दृष्टान्तले पनि पृथ्वीनारायण शाह बडानेता पुष्टि हुन्छन् युद्ध कौशल र युद्ध रणनीतिका हिसावले पनि । 'सबै जातको फूलवारी', बहुमत जनताको समर्थन प्राप्त योग्यले शासन चलाउनु, जनता बलियो भए राज्य बलियो हुने मान्यता, जाइकटक नगर्नु, झिकी कटक गर्नु, घूस लिने दिने दुवैको सम्पत्ति जफत गर्नु र ज्यान सजायसम्मको कानुन बनाउनु, राज्यले अन्याय हुन नदिनु, कृषियोग्य जमिन वस्तीलढाक्नु, जडीबुटी, बन, जंगल, सीप, आय आम्दानी आदि उनका सर्वकालिन विचार सबै मुलुक र सबै मानिसका लागि सधैँ उपयोगी छन् । यी विश्वस्तरका विचार हुन् । तसर्थ नेपालका बडानेताका विचार संयुक्त राष्ट्रसंघको बडापत्रमा रहने हैसियतका भएकाले स्वाभाविक रुपमा उनका विचार बडाविचार ठहर्छन् । सानो, कमजोर, कान्छो र गरिब गोर्खा राज्यका राजा पृथ्वीनारायण शाहले अरु बलिया राज्यलाई पुन जोडेर बलियो नेपाल खडा गरे । मिरकासिम र अंग्रेज जस्ता बलिया शक्तिको आक्रमणलाई समेत परास्त गर्दै बलियो एकीकृत नेपाल निर्माण गर्नु र टिकाउनु आफैंमा बडो काम थियो । अझ गोर्खाले जितेर त्यो जितलाई विशाल नेपालमा समर्पण र विलय आफैंमा विशाल मनका विशाल नेताको दृष्टान्त हो । त्यसैले सगौरपव घोषणा गरौं पृथ्वीनारायण बडानेता हुन्, पृथ्वीविचार बडो विचार हो ।

तसर्थ विचार, योगदान र कामका बडा नेता राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको सम्मानको लागि, नेपालको र नेपालीका गौरबको लागि राष्ट्रिय एकता र स्वतन्त्रताको सुदृढीकरणको लागि नेपाली नोटमा राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको तस्वीर राख्ने निर्णय गर्नु र लागू गर्नुपर्दछ । नोटमा बडा नेताको महान उक्ति 'नेपाल सबै नेपालीको साझा फूलवारी हो' लेखिनुपर्छ । राष्ट्रनिर्माता पृथ्वीनारायण शाहलाई उपेक्षा गर्ने जो कोही पनि सच्चा देशभक्त नेपाली ठहर्दैन् । बडानेता पृथ्वीनारायण शाह नेपाल राष्ट्रनिर्माता मात्र होइनन् लोकतन्त्रको आधार निर्माता पनि हुन् । उनले आफूले चाहेका विराज वखतीलाई काजी बनाएनन् । बहुमत जनताले चाहेका कालु पाण्डेलाई काजी बनाएर राजा वा नेताको होइन, जनताको लोकतन्त्र तेसैबेला सुरु गरिसकेका थिए । प्रधानमन्त्री हुने योग्यताका आधार पनि दिएका थिए पृथ्वीनारायणले । बहुमतको समर्थन प्राप्त वौद्धिक र छिमेकीलाई प्रभाव पार्न सक्ने कुटनीति क्षमता भएको समेत व्यक्ति । नेपाली लोकतन्त्र नायकलाई किन बडानेता नभन्ने? अमेरिकाको अंग्रेज खेदोको स्वतन्त्रता संग्राम नेपालका पृथ्वीनारायणको अङग्रेज खेदोको अमेरिकी संस्करण हो । गहिरिएर खोजेको खण्डमा भारतीय स्वतन्त्रता संग्राममा महात्मा गान्धीले चलाएको चर्खा आन्दोलन पृथ्वीविचारको स्वदेशवादी विचारले निर्देशित छ । गान्धीको भारत छोडो आन्दोलन पृथ्वीनारायणको अंग्रेज खेदोको भारतीय संस्करण होइन र ?

त्यस्तै चीनमा माओको राष्ट्रिय पूँजीपतिको संरक्षण गरौं भन्ने विचार पनि पृथ्वीनारायणको स्वदेशवादी आर्थिक नीतिले निर्देशित छ । उनको जापानी खेदो पनि पृथ्वीनारायण कै अंग्रेज खेदौको चिनिया संस्करण होइन र ? संयुक्त राष्ट्रसंघ अन्तर्गतको विश्व खाद्य संगठनले बडानेता पृथ्वीनारायण शाहको कृषियोग्य जमिन वस्तीले नढाकलाई कडा रुपमा विश्वव्यापी अभियान नचलाएमा केही दशकमा नै विश्वमा अनिकालको महामारी हुनेछ । यति दूरदर्शी नेतालाई बडानेता घोषणा गर्न केको आपत्ति ? ससारभरि रंगभेद विरोधी होस् या जातीय समानताका आन्दोलन अथवा लैंगिक समानताका आन्दोलन वा वर्गीय मुक्तिका आन्दोलन ति सबै आन्दोलनको वैचारिक नेता पृथ्वीविचार हुन्छ । त्यहाँ सबै जातको फूलवारी छाएको हुन्छ । 'अन्याय हुन नदिनू' उदाएको हुन्छ । के नेल्सन मण्डेलाहरु, मार्क्स, माओहरु, लिंकनहरु सबै "सबैको फूलबारीको लागि लडेका होइनन र ?" संसार भरका सबै भ्रष्टाचार विरोधी आवाज र आन्दोलन "घूस दिन्या र लिन्या दुबैको धन जीव लियाको पनि पाप छैन, यी राज्यका शत्रु हुन्" भन्ने भ्रष्ट र भ्रष्टाचार विरोधी पृथ्वीविचारको झण्डा बोकेर कुदेका होइनन् र ? आक्रमण गर्न नपाइने, आक्रमणकारीलाई धपाउन पाइने पृथ्वीविचारको अनाक्रमक परराष्ट्र नीति सर्वस्वीकार्य विश्व नीति होइन र ? पृथ्वीविचारलाई जान्न र छान्न जान्नु पर्छ । सबै समस्याको समाधान त्यहीँ फेला पर्दछ । जनता बलियो भए राज्य, केन्द्र आफैं बलियो हुन्छ भन्ने पृथ्वीविचार साँच्चै बडानेताको बडोविचार होइन र ? आृना नेपाली नेताको विचारको झण्डा उठाएर नेपाललाई विचारको नेता बनाउनु पर्दछ । नेपाललाई विचारको नेता बनाउन पृथ्वीनारायण शाहलाई बडानेता घोषणा गर्नु पर्दछ । बडानेताको बडाविचार, राष्ट्रिय एकता र समृद्धिको आधार मानेर साझा राष्ट्रिय बडापत्र निकाल्नु पर्दछ । राष्ट्रिय वडापत्र साझा राष्ट्रिय घोषणापत्र हुनेछ । राष्ट्रिय चिन्तनधारको पृथ्वीविचार राष्ट्रिय एकता, समानता र समृद्धिको आधार हुनेछ । बडानेता घोषणा गर, बलियो नेपालको आधार तयार गर । भ्रम नहोस् पृथ्वीनारायण शाह पुष २७ को न औपचारिकताको पात्र हो न उपेक्षाको नै । बरु यो त राष्ट्रिय स्वधिनता, एकता र समृद्धिको लागि सधैं आजको ताजा विचार हो । विचारको शक्ति हो नेपालको शक्ति हो । नेपालको शक्ति भएर नै त दक्षिण एसियामा त्यसताकाको विश्व शक्ति अंग्रज शक्तिलाई पराजित गर्ने नेपाल मात्र भएको छ । पृथ्वीनाारायणले नेतृत्व गरेको नेपाल मात्र भएको छ ।

थितिबाट मुलुक चलाउन चाहने पृथ्वीनारायणको तेसबोलाको विचार अहिलेको मुलुकमा संविधान बनाएर कानुनी राज्यको प्रत्याभूति दिने विचार हो । आज यसलाई ठिक ढंगले बुझ्न नसक्ने वा बुझ पचाउनेहरु नियतवस अराजकतालाई बढावा दिइरहेका छन् । अर्कोतिर उनको सबैजातको फूलबारीलाई सबैजातको गमलाबारी बनाएर चकानाचुर बनाउने षड्यन्त्र गर्दैछन् । यी नेपाललाई हराउने तत्वहरु हुन् । यस्ता तत्वहरुको षड्यन्त्रलाई हराएर केवल नेपाललाई जिताउन बडानेता एवं राष्ट्रनिर्माताका बडाविचारको वरिपरी सबै नेपाली जनता गोलबन्द बनौं । नेपाल जोगाउने र जगाउने राष्ट्रिय चिन्तनधारको पृथ्वीविचार राष्ट्रिय सहमतिको मूल आधार बन्दै सुखी, समृद्ध, एकतावद्ध बलियो नेपालको प्रत्याभूत गर्ने एकमात्र साझा राष्ट्रिय विचार हनसक्छ भन्ने सबैमा चेतना भया । नेपालका राष्ट्रनिर्माता विश्वका बडा नेता ।

***-डिसी नेपाल डटकम***

## महत्वपूर्ण टेलिफोन


**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सोचेजस्तो लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ । झुटा आरोप आइपर्ला । | **तुला** : जोश जाँगर र हिम्मत बढ्नेछ । आफ्नो चलाखीपनले कार्य सिद्ध हुनसक्छ। |
| **वृष** : नयाँ कार्य वा रोजगारको अवसर मिल्नेछ । धार्मिक कार्यमा रुचि बढ्नेछ । | **वृश्चिक** : श्रमको उचित मूल्याङ्कन हुनेछ । व्यापार व्यवसायमा सफलता मिल्नेछ । |
| **मिथुन** : नयाँ कार्यको थालनी हुनेछ । आफ्नै दक्षतामा कार्यहरू सम्पन्न हुनेछन्। | **धनु** : लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ । व्यवहारबाट सजग रहनु । |
| **कर्कट** : प्रगतिमा मन रमाउनेछ । विशिष्ट व्यक्तिबाट हौसला प्राप्त हुनेछ । | **मकर** : धर्मकर्ममा मन लाग्नेछ । नयाँ काम सुरु गर्ने समय छ । |
| **सिंह** : मेहनतीहरूका लागि बढी फलदायी नै रहने र लाभदायक यात्रा रहनेछ । | **कुम्भ** : महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । व्यापार व्यवसायमा प्रगति होला। |
| **कन्या** : बन्धु बान्धवबाट सहयोग मिल्नेछ। राजनीतिक कार्यमा सफलता मिल्नेछ । | **मीन** : कुनै कुराले मनमा शान्ति छाउनेछ। शुभ कार्यमा सरिक भइनेछ। |



# पठन संस्कृति जगाउँदै राणाकालीन विद्यामन्दिर पुस्तकालय



धौलागिरीको जेठो सामुदायिक पुस्तकालय ‘विद्यामन्दिर पुस्तकालय’ स्थापना भएको ७७ वर्ष पूरा भएको छ । राणाकालीन समयमा ओमप्रसाद गौचन र मेघकुमार वैद्यले गोरखपुरबाट पुस्तक खरिद गरेर सो पुस्तकालय स्थापना गरेका थिए । सत्र हजार भन्दा बढी पुस्तक संग्रहित रहेको पुस्तकालयको अहिलेको चुनौती भनेको आम पाठकको अभिरुचि नै हो । कुनै दिन पाठकले भरिभराउ हुने उक्त पुस्तकालयमा अहिले मुस्किलले दुई दर्जन पाठक पुग्ने गरेका छन् । पछिल्लो पुस्तामा पठन संस्कृतिको विकास नहुनु र डिजिटिल माध्यममा विद्यार्थीले समय व्यतित गर्दा सामुदायिक पुस्तकालयमा विद्यार्थीको आकर्षण घटिरहेको जनाइएको छ । पछिल्लो समय सामुदायिक पुस्तकालय धरासायी भइरहेको सर्न्दभमा यहाँको राणाकालीन पुस्तकालय भने पठन संस्कृति जगाउन प्रयासरत देखिन्छ । यसका लागि पुस्तकालयले आफूलाई परिमार्जन गर्दै प्रविधिमैत्री हुने, पठन संस्कृतिको विकास गराउने रचनात्मक क्रियाकलाप जस्ता रोचक कार्यक्रममा सक्रिय देखिएको छ । पुस्तकालयले विद्यार्थीलाई पुस्तकालयमा पठन सस्कृतिप्रति अभिरुचि जगाउन एक पछि अर्को अभियान चाल्दै आएको हो । पुस्तकको महत्व बढाउँदै पठन संस्कृतिको विकास गर्नका लागि विद्यार्थी लक्षित कार्यक्रम चलाइरहेको विद्यामन्दिर पुस्तकालयका अध्यक्ष राम थापाले बताए ।

एक महिना अघिमात्रै ‘बाजेबज्यैको कथा मेरो सचित्र’ कार्यक्रममार्फत विद्यार्थी लक्षित कार्यक्रम गरेको पुस्तकालयले अहिले ‘पुस्तौँपुस्तका लागि पुस्तकालय’, ‘ज्ञानका लागि पुस्तकालय’, ‘किन पढ्ने पुस्तक’र पुस्तकालय अब इतिहास कि आवश्यकता लगायतका विभिन्न शीर्षकमा कार्यक्रम तथा बहस गरिएको उहाँले जानकारी दिए । “चार/पाँचवर्ष पहिलासम्म दैनिक सय/दुई सयको हाराहारीमा पाठक पुस्तकालय आउथे, अहिले पाठक घटेका छन्, हुनत पुस्तक किनेर घरमै पढ्ने चलन आइसक्यो कम्प्युटरमा अनलाइन पुस्तकसमेत पढ्न पाइने व्यवस्था पुस्तकालयमा छ” उनले भने “पठन संस्कृतिको विकास गर्न विद्यालयका विद्यार्थीलाई पुस्तकालयमा आमन्त्रण गर्ने, अध्ययन अवलोकन भ्रमण गराउने, हस्तलिखित पुस्तकसमेत देखाउने गरेका छौँ, ऐतिहासिक दस्तावेजसमेत भएको यस पुस्तकालयमा धेरै पुस्तक अन्यत्र पाइदैनन्, हामीले पाठक आकर्षण गर्नका लागि रचनात्मक काम गर्दै आएका हौँ ।” १६औँ राष्ट्रिय पुस्तकालय दिवसको अवसर पारेर विद्यामन्दिर पुस्तकालयले पुस्तकालय र पुस्तकको महत्वको विषयमा वक्तृत्वकला समेत आयोजना गरेको छ ।

यस्तै उपन्यासकार तथा लेखक गणेश पौडेलसँग ‘पुस्तक किन पढ्ने’ भन्ने विषयमा संवाद गरिएको छ भने वरिष्ठ अधिवक्ता काजी गाउँले श्रेष्ठ र पत्रकार मुकेशचन्द्र राजभण्डारीसँग पुस्तकालय अब आवश्यकता कि इतिहास भन्ने विषयमा अन्तरसंवाद गरिएको हो । उक्त अन्तर संवादमासमेत पुस्तकप्रेमी र विभिन्न विद्यालयका विद्यार्थीलाई सहभागी गराइएको थियो । अन्तर संवादमा ‘पैतला’ उपन्यासका लेखक पौडेलले विद्यालयको किताबसँगै अतिरिक्त समयमा पुस्तकालयका किताब पढ्न आवश्यक रहेको बताए । उनले अध्ययन बिना कुनै विज्ञता हासिल गर्न नसकिने भन्दै अध्ययनको दायरा फराकिलो बनाउन पुस्तक पढ्न आवश्यक रहेको बताए । “१० कक्षासम्म अध्ययन गरेका विद्यार्थीले कम्तीमा १० पाठ्यक्रम बाहिरका पुस्तक अध्ययन गर्न आवश्यक हुन्छ, पठन संस्कृति नहुँदा सामाजिक सञ्जालमा समय बिताउने परिपाटीले हामीलाई सही स्थानमा लादैन नत गन्तव्यमै पुऱ्याउछ” उनले भने “अध्ययनको सिमा साँघुरो भएको छ अहिले अध्ययनलाई बढाउन सके मात्रै सबैभन्दा अब्बल भइन्छ, विद्यार्थीले कम्तीमा वर्षको एउटा अतिरिक्त पुस्तक भए पनि पढ्न आवश्यक छ ।” पत्रकार राजभण्डारीले पुस्तकालयले पाठक खोज्नुपर्ने अवस्था आउनु चिन्ताको विषय भएको जनाउँदै पुस्तकालयले नयाँ र पुरानो पुस्तालाई जोड्न प्रविधिलाई समेत जोड्नुपर्ने बताए । “राणाशासनमा गोराखपुरबाट खच्चडमा बोकाएर खोलामा डुङ्गा तारेर पुस्तक ल्याएर स्थापना गरेको विद्यामन्दिर पुस्तकालयको ऐतिहासिक महत्व रहेको, हस्तलिखित पुस्तक संग्रह गरिएको र धौलागिरिका लेखकद्वारा लेखिएको पुस्तककोसमेत संग्रह गरिएको पुस्तकालय अध्ययनशील र पाठकप्रेमीका लागि निकै लाभनीय हुनेछ” उनले भने “पहिला पुस्तकालय खोज्दै पाठक आउथे अहिले विद्यामन्दिर पुस्तकालय पाठकको खोजीमा कहिले विद्यालय पुगेको छ भने कहिले पठन संस्कृतिको विकासका लागि रचनात्मक काम गर्दै आएको छ ।” पाठक आकर्षित गर्न नसक्दा बागलुङको अर्को पुरानो सामुदायिक पुस्तकालय ज्ञानोदय भगवती सामुदायिक पुस्तकालय अहिले बन्द रहेको सर्न्दभमा धौलागिरिकै जेठो पुस्तकालय विद्यामिन्दर पुस्तकालयले भने आफ्नो सक्रियता देखाइरहेको छ । *-रासस*

# विद्यालयमा पुगेर प्रहरीको सचेतना कक्षा

जिल्ला प्रहरी कार्यालयले ‘प्रहरी विद्यालय सम्पर्क कार्यक्रम’ सञ्चालन गरेको छ । विद्यालयमा गएर विद्यार्थीलाई सचेतना दिने उद्देश्यले प्रहरी विद्यालय सम्पर्क कार्यक्रम सञ्चालन गरिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी निरीक्षक खेमविक्रम केसीले जानकारी दिए । समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत माध्यमिक विद्यालयहरुमा पुगेर विभिन्न सचेतनामूलक कक्षा सञ्चालनमा रहेका छन् । उनले भने, “समाजमा रहेका विभिन्न हानिकारक प्रथा प्रचलन हटाउन जिल्लाभरिका विद्यालय र समुदायसँग समन्वय गरेर सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको हो ।”

कार्यक्रम अन्तर्गत जिल्लाका सबै प्रहरीचौकीबाट टोली खटेर विद्यालयमा सचेतना कक्षा सञ्चालन भइरहेका छन् । समाजमा हुने विभिन्न विकृतिलाई न्यूनीकरण गर्न विद्यालयमा गएर विद्यार्थीलाई सचेतना दिन थालिएको इलाका प्रहरी कार्यालय पाटनका प्रमुख, प्रहरी निरीक्षक सरोजकुमार ठकुराठीले बताए । विद्यालयमा सञ्चालन हुने कक्षामा बालविवाह न्यूनीकरण, घरेलु हिंसा, लागुपदार्थ नियन्त्रण, आत्महत्या रोकथाम, ट्राफिक नियम लगायतका विषयमा छलफल हुने गरेको छ । उनले भने, “कक्षाकोठामै विद्यार्थीसँग सचेतनामूलक अन्तक्रिया गर्ने गरेका छौँ, यसले विकृति, विसङ्गती कम हुने विश्वास छ ।”

सामाजिक सञ्जालको गलत प्रयोग र कानुनी व्यवस्था, लागुऔषध दुर्व्यसनी रोकथाम, लैङ्गिक हिंसा, घरेलु हिंसा, आत्महत्या, बालविवाह, सामाजिक अपराध रोकथाम, ठगीका घटना लगायतका विषयमा छलफल गर्ने गरिएको छ । विद्यालयमै पुगेर किशोरकिशोरीसँग गरिने अन्तक्रियाले समाजमा हुने विभिन्न विकृतिलाई न्यूनीकरणका साथै हिंसाका घटनामा कमी हुने जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक प्रेमबहादुर शाहीको विश्वास छ । उनले भने, “प्रहरी विद्यालयमै पुगेर सचेतना कक्षा सञ्चालन गर्दा समाजमा सकारात्कमक परिवर्तन आउनुका साथै विद्यार्थीमार्फत समाजमा हुने आपराधिक गतिविधि न्यूनीकरणमा सहयोग पुग्ने विश्वास छ ।” प्रहरीले थालेको यो कार्यक्रमले गाउँ समाजमा हुने सामाजिक अपराध घटना न्यूनीकरण गर्न सहयोग पुग्ने दोगडाकेदारस्थित सनातन धर्म माविका प्रधानाध्यापक बलदेव नाथले बताए ।

विद्यालयमै पुगेर सचेतना कक्षा सञ्चालन गर्दा विद्यार्थीमार्फत समाजमा हुने आपाराधिक गतिवधि न्यूनीकरणमा सहयोग पुग्ने विश्वास गरिएको छ । उनले भने, “विकृति, विसङ्गती लगायतका विषयमा प्रहरीले दिइरहेको सचेतनामूलक कार्यक्रमले विद्यार्थीमार्फत सकारात्मक सन्देश जाने र अपराध न्यूनीकरणमा सहयोग पुग्छ ।” यसका साथै प्रहरीले गाउँ समाजमा सचेतना फैलाउने अभियान जारी राखेको छ । अपराध कम गर्न प्रहरीले जिल्लाका प्रत्येक टोल बस्तीमा खटिएर सचेतना कार्यक्रम जारी राखेको हो । विद्यालय तथा गाउँ टोलमा गरिने यस्ता सचेतनामूलक कार्यक्रमले समाजका हानिकारक प्रथा तथा प्रचलन हट्ने अपेक्षा गरिएको छ । *-रासस*

# चाहिन्छ कि चाहिँदैन विद्यालय व्यवस्थापन समिति ?

**गोविन्द लुइँटेल :**


नेपालमा विद्यालय शिक्षा व्यक्ति र समुदायका प्रयासले सुरू भएको हो । राणा शासनमा अति सीमित संख्यामा शिक्षालयहरू खुले । जति खुले ती पनि व्यक्तिगत वा सामुदायिक प्रयासमै, त्यो पनि राणा प्रधानमन्त्रीका नाममा । राणाकालअघिको शिक्षा पूर्णत: समुदाय स्तरमा थियो । राणाहरूले आफ्ना छोराछोरी पढाउन काठमाडौंमा दरबार हाइस्कुल खोले । प्रधानमन्त्री देवशमशेरले शिक्षामा अलिक बढी जोड दिएका थिए, तर ती छोटो समयमै अपदस्थ गरिए । चन्द्रशमशेरका पालामा उनको इच्छा नभए पनि उनकै नाममा केही स्कुल खुले । पछि मोहनशमशेरका पालामा पनि उनको नाम जोडेर स्कुल खुले । राणा प्रधानमन्त्रीले स्कुलमा आफूसँगै कतै कतै राजाको नाम पनि जोडेका थिए । काठमाडौंका जुद्धोदय स्कुल र पद्मोदय स्कुल, सिरहाको चन्द्र मिडिल, पूर्व आठराईको त्रिमोहन स्कुल यस्ता केही दृष्टान्त हुन् । प्रधानमन्त्री चन्द्रशमशेरले काठमाडौंमा त्रिचन्द्र क्याम्पस स्थापना गराए । क्याम्पस उद्घाटन समारोहमा उनले ‘काल बेलाले गर्नुपरेको’, ‘आफ्नो खुट्टामा आफैं बन्चरो हानेको’ भनेर आफ्नो अनिच्छा र चिन्ता प्रकट गरेका थिए । राणाकालका स्कुलहरू राणा शासक स्वयंले पहल गरेर खुलेका होइनन्, व्यक्ति र समुदायले नै पहल गरेका थिए । एक दशकको प्रजातन्त्रकाल र त्यसपछिको निर्दलीय पञ्चायती शासनमा पनि धेरै स्कुल सामुदायिक पहलमै खुले । कसैले जमिन दिए, कसैले पैसा दिएर सहयोग गरे । धेरैले श्रमदान गरे । वार्षिक रूपमा अन्न दिएर पनि सहयोग गरे ।

धनी मानिसहरूले जमिन र पैसा दिएर आफ्नै नाममा पनि स्कुल खोले । यस्ता स्कुलमा लेखपढ गर्न जान्ने गाउँकै व्यक्ति शिक्षक भए । सरकारी शिक्षक ल्याए । अलिक टाढाबाट पनि शिक्षक झिकाए । सरकारी कार्यालय धाएर विद्यालय स्वीकृत गराए । पूर्वी पहाडको आठराईमा उसले पूर्वप्राथमिक र प्राथमिक शिक्षा पढेको विद्यालय पनि गाउँका धनी व्यक्तिले आफ्नै एउटा घर दिएर राणाकालमै सुरू गराएका थिए । त्यो स्कुल आजपर्यन्त त्यही जमिनमा छ । त्यो बेला जति जमिन दिएका थिए, आज पनि त्यति नै छ । नयाँ भवन बन्यो, तर पुरानो त्यो घर छँदै छ जुन घरमा उसले तीन कक्षासम्म पढेको थियो । हाल त्यो आठ कक्षासम्म पढाइ हुने आधारभूत विद्यालयका रूपमा छ । माध्यमिक शिक्षा पनि उसले मोरङमा आफ्ना बुबासमेतको संलग्नतामा खुलेको विद्यालयमा पढ्यो । यसरी खुलेका विद्यालय चलाउने जिम्मेवारी सरकारले लिए पनि एक हदसम्म समुदायको स्वामित्व कायमै रह्यो, आजपर्यन्त कायम छ । विद्यालय व्यवस्थापन समिति भनिने संस्था सामुदायिक स्वामित्वकै एक अंश हो । उसले थाहा पाउँदा ‘विद्यालय सहयोग समिति’ नाममा समुदायको स्वामित्व थियो । अलिक पछि ‘विद्यालय सञ्चालक समिति’ भयो । त्यसपछि ‘विद्यालय व्यवस्थापन समिति’ भयो जो हालको सामुदायिक स्वामित्व हो । सरकारले सामुदायिक भनेका सरकारी विद्यालय चलाउनमा आज पनि समुदायको सहयोग छ । कतिपय व्यवस्थापन समितिले राष्ट्रिय-अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट विभिन्न किसिमको सहयोग जुटाएका छन् । सरकारबाट आवश्यक सबै शिक्षक नपाएको अवस्थामा व्यवस्थापन समितिले तलबका लागि पैसा जुटाएका छन् । यसमा अभिभावकहरूले पनि सहयोग पुऱ्याएका छन् । समुदायसँग सोझो-प्रत्यक्ष सम्बन्ध भएको संस्था हो विद्यालय, छोराछोरीको शिक्षा र भविष्यसँग जोडिएको । विद्यालयसँग समुदायका घरघरको सम्बन्ध र सरोकार हुन्छ । विद्यालय र समुदायले एकअर्कालाई बेवास्ता गरेर विद्यालय चल्न सक्दैनन् । समुदायले बेवास्ता गरेका सरकारी विद्यालय धराशायी भएका दृष्टान्तहरू छन् । निजी विद्यालयको प्रभाव बढ्नुका अनेक कारणमध्ये सरकारीप्रति समुदायको उदासीनता पनि एक हो । विद्यालय राम्ररी चल्नमा समुदायको भूमिका महत्वपूर्ण हुन्छ भन्ने तथ्य घामजत्तिकै छर्लंग छ । वर्तमानमा विद्यालय सञ्चालनको सबैजसो जिम्मेवारी सरकारले नै लिएको भए पनि समुदायसँगको सम्बन्ध संस्थागत बनाएर राखेको छ । विद्यालय व्यवस्थापन समिति ऐन-नियमकै प्रबन्धअन्तर्गत बन्छ जसमा तत् समुदायकै व्यक्तिहरू रहन्छन् ।

विद्यालयमा ‘शिक्षक-अभिभावक संघ’ पनि गठन हुने व्यवस्था छ । धेरै विद्यालयमा पूर्वविद्यार्थीहरूले पनि संगठन बनाएका छन् । यस्ता संगठनले विद्यालयका लागि कुनै न कुनै किसिमको सहयोग जुटाउने गरेका छन् । यसबाट विद्यार्थीहरू लाभान्वित भएका छन् । विद्यालय व्यवस्थापन समिति र शिक्षक-अभिभावक संघ विद्यालयका लागि समुदायका संस्थागत प्रतिनिधि हुन् । यी समिति र संघको काम, कर्तव्य र अधिकार पनि ऐन-नियमले तोकेको छ । विद्यालयले आफ्नो वार्षिक आम्दानी र खर्चको सामाजिक परीक्षण गराउनुपर्ने प्रावधान छ । सामाजिक परीक्षण नभई सरकारी प्रतिनिधिले गरेको लेखापरीक्षण प्रतिवेदन स्वीकृत नहुने व्यवस्था छ । अधिकांश शिक्षकहरू तत् समुदायकै हुन्छन् । सहरी क्षेत्रका विद्यालयमा तत् समुदायका शिक्षक हुनु वा नहुनुको खास अर्थ नरहे पनि ग्रामीण क्षेत्रमा महत्वको मानिन्छ । आफ्नै गाउँठाउँको शिक्षक हुँदा विद्यार्थीको रेखदेख र शिक्षण-सिकाइ बढी प्रभावकारी हुन्छ, शिक्षक-अभिभावक सम्बन्ध बलियो रहन्छ भन्ने मानिएको छ । धेरै अभिभावकमा यस्तो विश्वास देखिन्छ । राज्यका सबै निकाय, कार्यालय र संस्थाहरू नागरिकका लागि हुन् । सबैमध्ये विद्यालय संस्था समुदायका प्रत्येक व्यक्तिसँग सोझै सम्बन्धित हुन्छ । घरघरमा बालबालिका हुन्छन् जो आफ्नै ठाउँको विद्यालयमा पढ्छन् । विद्यालयहरू पुराना हुँदै जाँदा तिनै विद्यालयका पूर्वविद्यार्थी आजका अभिभावक र शिक्षक भएका छन् । पूर्वविद्यार्थी नै विद्यालय व्यवस्थापन समितिमा पुगेका छन् । विद्यालय कहिल्यै समुदायबाट र समुदाय कहिल्यै विद्यालयबाट भिन्न हुन सक्दैनन् । यसरी समुदायसँग सोझो-प्रत्यक्ष सम्बन्ध र सरोकार रहेको संस्था बलियो र प्रभावकारी हुन नि:सन्देह समुदायको भूमिका महत्वपूर्ण हुन्छ । ऊसँग विद्यालय व्यवस्थापन समितिको प्रभावकारिताका केही दृष्टान्त छन् । व्यवस्थापन समितिमा प्रधानाध्यापक सदस्य-सचिव रहने व्यवस्था छ । उसले प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिबीच मधुर सम्बन्ध रहेका विद्यालय शैक्षिक गतिविधिमा बलियो रहेको देखेको छ । सम्बन्ध गडबड भएका विद्यालयमा नकारात्मक प्रभाव परेको देखेको छ । व्यवस्थापन समिति सक्रिय हुन नसकेको विद्यालय सामान्यतया कमजोर हुँदै गएको छ वा प्रधानाध्यापक फुक्काफाल भएको उसले देखेको छ । यस्ता कतिपय विद्यालय खस्केका उदाहरण पनि छन् । व्यवस्थापन समितिका पदाधिकारी र प्रधानाध्यापकबीच खराब सम्बन्ध भएको अवस्थामा शैक्षिक गतिविधि ठप्प भएको र प्रधानाध्यापकले आफ्नो काम गर्न नपाएका घटना पनि भएका छन् । कुनै सरकारी कार्यालय जसरी विद्यालयमा सरकारी नियामक निकायबाट दैनिक निगरानी हुँदैन । बरू निगरानीको काम व्यवस्थापन समितिबाटै भएको हुन्छ । यद्यपि केही नीतिगत र व्यवस्थापकीयबाहेक कुनै पनि प्रशासनिक जिम्मेवारी हुँदैन ।

विद्यालय व्यवस्थापन समिति अनावश्यक देख्ने एउटा दृष्टिकोण पनि छ । विद्यालय सञ्चालनको सबै जिम्मेवारी सरकारले लिएपछि यस्तो समिति आवश्यक छैन, द्वैध शासनको आधार मात्र बन्छ भन्ने तर्क पनि आउने गरेको छ । विद्यालयहरू खुल्दै गर्दा समुदायको योगदान थियो, समुदायले स्वामित्व लिएको थियो, अब छैन भन्ने धारणा यो पक्षको पाइन्छ । नेपालको सन्दर्भमा वर्तमानमा समुदाय र सरकारी विद्यालयको सम्बन्धको औचित्य मापनको प्रस्ट आधार छैन । कतै वैज्ञानिक अध्ययन भएको छ र आधार स्थापित भएको छ भने उसलाई जानकारी छैन । लामो समयदेखिको अभ्यासबाट जे स्थापित भएको छ, जुन मान्यता विकास भएको छ त्यही हो सम्बन्ध । सम्बन्धको आधार पनि त्यही हो । कतिपय विद्यालयले धेरै अभिभावकले देख्ने ठाउँमा ‘जानकारी पाटी’ राखेका छन् । ‘अभिभावक ज्यू’ कता जाँदै हुनुहुन्छ? एकपटक विद्यालयमा पसेर छोराछोरीको पढाइबारे जानकारी लिने कि !’ लेखेर बाटोमा ठूलो पाटी राखेको उसले देखेको छ । यस्तो आग्रह विद्यालयसँग समुदायको अपनत्वको अपेक्षा हो । रहरले होइन, आवश्यकताले नै विद्यालयले यस्तो आग्रह र अपेक्षा गरेको हो । संस्थागत रूपमा होओस् कि व्यक्तिगत, समुदाय निरन्तर विद्यालयसँग जोडिनु आवश्यक छ भन्ने हाम्रो अभ्यासले स्थापित गरेको छ । त्यसकै कडी हो विद्यालय व्यवस्थापन समिति । छोराछोरी पढ्ने स्कुलमा पुग्दै गर्नु, प्रधानाध्यापक र शिक्षकहरूसँग छोराछोरीको पढाइबारे छलफल गर्नु, आफ्नो कुरा भन्नु अभिभावकसँग अपेक्षा हुने स्वाभाविक क्रिया हो । यसबाट विद्यार्थी र शिक्षक दुवैलाई लाभ हुन्छ । शिक्षक परोक्ष रूपमा अभिभावकको निगरानीमा परेको हुन्छ । विद्यालय शिक्षाको जिम्मा सरकारले लिएको भए पनि विद्यालय र समुदाय भिन्न हुन सक्दैनन् । भिन्न हुने वा एकाअर्कालाई बेवास्ता गर्ने संरचना यी होइनन् । उसको विहंगम दृष्टिले भन्छ - समुदायको बलियो चासो भएका विद्यालय बलिया छन्, त्यस्ता विद्यालय शैक्षिक गतिविधिमा उम्दा ठहरिएका छन् । व्यवस्थापन समिति र शिक्षक-अभिभावक संघ विद्यालय र समुदायको सम्बन्ध स्थापित गर्ने कडी हुन् । प्रधानाध्यापक त्यस्तै एक अंग हो । यी तीनले संस्थागत सहकार्यमा समुदायसँगको सम्बन्ध गाढा बनाउन र विद्यालयको हितमा समुदाय परिचालन गर्न सक्छन् । यसमा शिक्षकहरू पनि जोडिन आउँछन् । यसर्थ, सरकारी विद्यालयमा समुदायको चासो र निगरानी बढाऔं । विद्यालयलाई समुदायप्रति उत्तरदायी बनाऔं । यसो भयो भने सरकारी विद्यालयहरूको शैक्षिक गतिविधि प्रभावकारी बनाउन मद्दत पुग्नेछ । समुदाय-विद्यालय र विद्यालय-समुदाय जे भने पनि एकै सिक्काका दुई पाटा हुन् । सरकारी विद्यालयको शैक्षिक स्तर सुधार गर्ने र विश्वास जागृत गर्ने हो भने समुदायसँगको सम्बन्ध गाढा बनाउनु एक प्रभावकारी उपाय हो । हाम्रो अभ्यासबाट यो तथ्य प्रमाणित भएको छ । *-सेतोपाटी डटकम*

# संविधान दिवस तीन दिन मनाइने




**पाल्पा,** भदौ १७/संविधान दिवस तीन दिन मनाइने भएको छ । सरकारले असोज २, ३ र ४ गते विविध कार्यक्रमका साथ संविधान दिवस मनाउने निर्णय गरेको हो ।

आइतबार सिंहदरबारमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को अध्यक्षतामा बसेको संविधान दिवस मूलसमारोह समितिको बैठकले संविधान दिवस भव्यताका साथ मनाउने निर्णय गरेको हो । कार्यक्रम अन्तर्गत असोज २ गते विशेष संवाद, जनचेतनामूलक कार्यक्रम, संविधान दिवस विशेषाङ्क प्रकाशन, अन्तरक्रिया, दीपावली लगायतका कार्यक्रम हुने छन् । असोज ३ गते सैनिक मञ्च टुँडिखेलमा संविधान दिवस विशेष समारोह गर्ने, विभिन्न मठ, मन्दिर, गुम्बा, धार्मिक एवं सांस्कृतिक सैसंस्था, शैक्षिक प्रतिष्ठानमा संविधान दिवस बनाउने र साँझ दीप प्रज्ज्वलन गर्ने लगायतका कार्यक्रम हुनेछन् । असोज ४ गते जागरणमूलक कार्यक्रमका साथै दीप प्रज्जवल गर्ने र नेपालस्थित नेपाली दूतावास, कूटनीतिक नियोग तथा वाणिज्य दूतावासका साथै उपत्यका बाहिर पनि विविध कार्यक्रम हुनेछन् । जनताले आफ्ना प्रतिनिधिद्वारा संविधानसभा बाट २०७२ असोज ३ गते संविधान जारी भएको दिनको स्मरणमा हरेक वर्ष राष्ट्रिय दिवसको रुपमा संविधान दिवस मनाईदै आएको छ । सरकारले संविधान दिवस हर्षोल्लासका साथ मनाउन, घर-घरमा राष्ट्रिय झण्डा फहराउन सबैमा अनुरोध पनि गरेको छ । गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समानुपातिक समावेशिता र सामाजिक न्याय नेपालको संविधानका मूलभूत विशेषता हुन् । नेपालको स्वाधीनता, सार्वभौमिकता, भौगोलिक अखण्डता र जनतामा निहित सर्वाभौमसत्ताको प्रतिकूल हुने बाहेकका सबै विषयमा संविधान संशोधन गर्न सकिने लचिलो व्यवस्था संविधानमा गरिएको छ ।

# टक्सारको गणेश रथयात्रा निकालियो



**पाल्पा,** भदौ १७/तासेनस्थित टक्सारटोलमा रहेको श्री ७ सूर्यविनायक गणेशको रथयात्रा निकालिएको छ । यो हरेक वर्ष श्रीनगर सिद्धि विनायक गणेशको रथयत्रा निकालेको भोलिपल्ट निकाल्ने गरिन्छ । तानसेनका नेवार समुदायले विशेष गरी यो मनाउने गर्छन् । यस वर्ष आइतबार हर्सोल्लासका साथ रथ निकालिएको हो ।

भगवतीको जात्रामा जस्तै युवाहरुले गणेशको रथ बोकेर नगर परिक्रमा गराएका थिए । अगाडि-अगाडि भजन र पछिपछि रथ डुलाइएको थियो । परिक्रमा गर्न हिडालिएको रथमा तानसेनवासीले विभिन्न पर्सादहरु चढाउने गरेको देखिन्थ्यो । अघिल्लो दिन जाग्राम बसी भोलिपल्ट बाजागाजाका साथ गणेशको मूर्तिलाई खाटमा राखी बजार घुमाइन्छ । गणेशको जन्म भएको दिन भाद्र शुक्लपक्ष चतुर्थी (गणेश चतुर्थी) भए तापनि टक्सारमा प्रत्येक वर्ष गणेशको रथयात्रा भाद्र कृष्णपक्ष चतुर्थीका दिन भव्यताका साथ निकालिन्छ । गणेश रथयात्रा कहिलेदेखि प्रारम्भ भएको हो भन्ने यकिन तथ्य र प्रमाण पाउन नसकिए पनि दोश्रो पटकको आगलागी पश्चात् रथयात्रा प्रारम्भ गरेको अनुमान गर्न सकिन्छ । गणेशको स्थापना २०० वर्षभन्दा पहिले नै भएको अनुमान पुरातत्वविद्हरुले गरेका छन् । पुरानो कथन र भनाइ अनुसार २०० वर्ष भन्दा पहिले टक्सारटोलमा एउटा मसला पिस्ने सिलौटा पाइएको थियो । उक्त सिलौटामा मसला पिस्दा मुसा (छुचुन्द्रो) कराएको आवाज आयो । पिस्न छोड्दा आवाज बन्द हुने र फेरि पिस्दा बारम्बार त्यस्तै आवाज आउने हुँदा यताउता हेर्दा मुसा नदेखिएपछि त्यो सिलौटालाई पल्टाएर हेर्दा गणेशको आकृति पाइएको थियो । तत्पश्चात स्थानीय बासिन्दाको सक्रियतामा त्यही सिलौटालाई दूध, पानीले धोएर हाल गणेश मन्दिर भएको ठाउँमा पूर्व मुख पारेर श्री सूर्यविनायक गणेशको नामले वि.सं. १८६७ नेपाल सम्बत् ९३० (इ.स १८१०) मा वैशाख शुक्लपक्ष अक्षय तृतीयाका दिन स्थापित गरिएको थियो । टक्सार गणेश जात्राको भोलिपल्ट (आज)भिमसेन टोलबाट भिमसेन जात्रा निकालिने संस्कृतिका जानकार राजेन्द्रगोपाल सिंहले बताए । भिमसेन भनेका महाभारतका बलवान शक्तिशाली भिम हुन् ।

# मोहन कन्याको यात्रा...

...विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष एवम् नेपाली काँग्रेस पाल्पाका उपसभापति झपेन्द्र गहिरेले विद्यालयको छात्राबास विस्तार गरी लुम्बिनी प्रदेशका सबै जिल्लाबाट छात्राहरुलाई भर्ना गरी प्राविधिक सिपयुक्त बनाउनुपर्नेमा जोड दिए । विद्यालयका प्रधानाध्यापक दीपकप्रसाद ज्ञवालीले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै दुई करोढ ५७ लाखको आयब्यय पेश गरे । उनले सबैको सहयोग र साथका कारण नै स्कुलले ७३ वर्ष मनाउन सफल भएको भन्दै सबैलाई धन्यवाद दिए । कार्यक्रममा नेकपा समाजवादी पाल्पाका सचिव जगन्नाथ नेपाल, विद्यालयका पूर्व सचिव शोभा शाक्य, पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराई, पाल्पा व्यापार संघका अध्यक्ष बामदेव बश्याल, पत्रकार महासंघ पाल्पाका उपाध्यक्ष भरत शर्मा, न्यू होराइजनका प्रिन्सिपल डासुराम पन्त, तानसेन -४ का कार्यवाक वडा अध्यक्ष हरि थापा, शिक्षकहरु चोल प्रसाद ज्ञवाली, गोपालप्रसाद बश्याल, कक्षा १२ का छात्रा वर्षा तिमिल्सीना लगायतले विद्यालयको उत्तरोत्तर प्रगतिको कामना गर्दै आ-आफ्ना धारणा राखेका थिए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विधानप्रसाद श्रेष्ठको अध्यक्षता, शिक्षक रिना श्रेष्ठको सञ्चालनमा समापन कार्यक्रम भएको थियो । भदौं ८ गतेदेखि विभिन्न सांस्कृतिक, खेलकूद, नगरस्तरीय सामुदायिक माध्यमिक विद्यालयको छात्रा हाजिरी जवाफ जस्ता प्रतियोगिताहरु भएका थिए । सोही अवसरमा प्रधानाध्यापक दीपकप्रसाद ज्ञवाली र शिक्षक गोपालप्रसाद बश्याल दीर्घ सेवा सहित शिक्षककहरू चोल प्रसाद ज्ञवाली, रीना श्रेष्ठ, इन्दु खनाल, नारायण भण्डारी, टंक भुषाल, सन्दिप श्रेष्ठ, तिलकराम भण्डारी, विष्णु थापा, पूर्व शिक्षककहरू विष्णुप्रसाद पाण्डे, हरिष थापा, मधु सुदन भण्डारी, कमला शर्मा र कार्यालय सहायक रक्षा ज्ञवालीलाई सम्मान समेत गरिएको शिक्षिका मन गहिरेले जानकारी दिइन् । शैक्षिक धरोहरको रुपमा रहेको यस विद्यालयमा गुल्मी, अर्घाखाँची, पाल्पा, रुपन्देही लगायत जिल्लाका छात्रा (कन्या) हरु यस विद्यालयमा अध्ययन गर्ने गर्दछन् । अहिले विद्यालयमा ३ सय ३० जना छात्राहरु अध्ययन गर्दै आएका छन् ।

## खेलकुद समाचार

# नेपालले भुटानलाई तीन विकेटले हरायो

**काठमाडौं,** भदौ १७/आईसीसी महिला टी-२० विश्व कप एसिया क्षेत्र छनोटमा नेपालले भुटानलाई तीन विकेटले हराएको छ । लगातार तेस्रो जितकासाथ नेपाल समूह 'ए' को शीर्षस्थानमा उक्लिएको छ । जितको लागि नेपालले ४० रनको लक्ष्य पाएको थियो । यो लक्ष्य नेपालले १३ ओभर २ बलमा ७ विकेट गुमाउँदै भेट्टायो । नेपालका कप्तान रुविना क्षेत्री १२ रनमा अविजित रहिन् । कविता जोशी ९ रनमा आउट भइन् । सीता रानामगरले ८ तथा पूजा महतोले बलमा ३ रन जोडिन् । भुटानकी अन्जुली घलेले ३ तथा क्षिरिङ जांग्मोले २ विकेट लिइन् । त्यसअघि मलेसियाको बाङ्गीमा टस हारेर पहिला ब्याटिङ गरेको भुटानले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै ३९ रन बनाएको थियो । भुटानका कप्तान डिन्चिन वान्मोले २१ रन बनाउनुबाहेक अरुले दोहोरो अंकमा रन बनाउन सकेनन् । नेपालका पूजा महतोले ३ तथा कविता कुँवर, खुसी डङ्गोल र कप्तान रुविना क्षेत्रीले समान एक/एक विकेट लिए ।

## अर्थ/कर्पोरेट/ समाचार

# नेप्सेमा उच्च अंकको गिरावट

**पाल्पा,** भदौ १७/धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक उच्च अंकले गिरावट भएको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक आइतबार २९ दशलमव ८१ अंकले गिरावट भएर एक हजार नौ सय ६० दशमलव ७८ मा सीमित भएको हो ।

यस्तै ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पाँच दशमलव शून्य नौ अंकले ओरालो लागेर तीन सय ७६ दशमलव ६२ मा सीमित भएको छ । कारोबार भएका १३ वटै उपसमूहको शेयर मूल्यमा आज गिरावट देखिएको छ । विभिन्न कम्पनीका कूल ४० लाख ५३ हजार तीन सय ६८ कित्ता शेयर रु एक अर्ब १८ करोड ६६ लाख १८ हजार चार सय १० मूल्यमा खरिद बिक्री भए । कारोबारका आधारमा सोल्टी होटल शीर्ष स्थानमा छ । सो कम्पनीको रु तीन करोड ८८ लाख ८८ हजार एक सय छ मूल्य बराबरको शेयर कारोबार भयो । यस्तै आइएमइ लाइफ इन्स्योरेन्स रु तीन करोड ७६ लाख ४१ हजार नौ सय ४६, सिटी होटल रु तीन करोड ७४ लाख दुई हजार सात सय ८०, माछापुच्छे बैंक रु तीन करोड ४९ लाख ६६ हजार तीन सय दुई र एभरेष्ट बैंक रु तीन करोड २३ लाख ४३ हजार सात सय ५४ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार श्री स्टार हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । यस्तै सिक्लेस हाइड्रोपावर पाँच दशमलव ५६, प्राइम बैंकको ऋणपत्र चार दशमलव शून्य तीन, बुद्धभूमि नेपाल हाइड्रोपावर एक दशमलव ९६ र सिटिजन म्युचुअल फण्ड दोस्रोको शेयर मूल्य एक दशमलव ९१ प्रतिशतले बढेको छ । यस्तै लिवर्टी इनर्जी र सिटी होटलको शेयर मूल्य १० प्रतिशतले ओरालो लाग्दा नकारात्मक सर्किट लागेको छ । ग्रीन भेञ्चर्स आठ दशमलव ७९, कुथेली बुखरी स्मल हाइड्रोपावर आठ दशमलव ३९ र सामलिङ पावर कम्पनीको शेयर मूल्य सात दशमलव २२ प्रतिशतले घटेको छ ।


**Musikot Municipality**
**Office of the Municipal Executive**
**Wamitaksar, Gulmi**

# Invitation for Online Bids

***Date of publication: 2080/05/18 (2023-09-04)***

1. Musikot Municipality, Gulmi has allocated funds to cover eligible payment under the Contract for following projects. Bidding is open to all eligible bidders.
2. The Office of Musikot Municipality invites electronic bids from eligible bidders for roadway excavation, construction of drainage and rigid pavement.
3. A complete set of Bidding Documents may be purchased from PPMO's e-GP system by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of 3000.0 NRs. per document

Information to deposit the cost of bidding document in Bank:

| S.N. | Name of the Bank | Name of the office | Account No | Name of the Account | Office Code No. | Rajaswa (Revenue ) sirshak No. | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | Global IME Bank | Musikot Municipality | 07204010000004 | Ga 1.1. Aantarik Rajaswa Khata Musikot | 365005212 | 14227 | To deposit the cost of bidding document in Bank: |
| 2 | Global IME Bank | Musikot Municipality | 07204010000002 | Ga 3 Dharauti Khata Musikot | 365005212 | | To deposit bid security Amount |

4. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np. on or before 04-10-2023 12:00. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 04-10-2023 13:00 hours at the Office of Musikot Municipality, Gulmi.
6. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf. format, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission. Detailed specification is given in technical specifications of bid document.

| S.N. | Contract No | Name of the project | Description of works | Bid security Amount | Remarks |
|---|---|---|---|---|---|
| 1 | MMEB2/WORKS/NCB/RC 01/2080-081 | Bhuwachidi-Kurgha-Malika Motorbato Istaronnati. | Roadway excavation, construction of drainage and rigid pavement. | 150000 | |
| 2 | MMEB3/WORKS/NCB/RC 02/2080-081 | Wamitaksar Paiyapata Wami-Maidan Arlangkot Dadalka Sadak Istaronnati. | Roadway excavation, construction of drainage, Hume pipe fitting and rigid pavement. | 155,000 | |
| 3 | MMEB4/WORKS/NCB/RC 03/2080-081 | Tallaphat Anpchaur Kharbang Motorbato Istaronnati. | Roadway excavation, construction of drainage, Hume pipe fitting and rigid pavement. | 157,000 | |



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई